नेपाल सरकार
प्रेस विज्ञप्ति

कर्मचारी समायोजन अध्यादेश, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन गर्ने कार्य प्रारम्भ भईसकेको सन्दर्भमा कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा १७ बमोजिम गठन भएको निर्देशन तथा समन्वय समितिको मिति २०७५/०९/०१ मा बसेको बैठकले कर्मचारी समायोजन सम्बन्धमा निम्न निर्णयहरु गरेको व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो विज्ञप्ती जारी गरिएको छ ।

- कर्मचारी समायोजनका लागि सरकारी कर्मचारीहरुबाट अनलाइन आवेदन लिन www.samayojan.gov.np वेवसाइट निर्माण गर्ने र अनलाइन आवेदनको लागि कर्मचारीहरुको राष्ट्रिय किताबखानामा रहेको व्यक्तिगत विवरण आवद्ध हुने व्यवस्था गर्ने ।
- अध्यादेश जारी भएको मिति अर्थात २०७५ साल मंसिर २३ गतेलाई अध्यादेशको दफा ७ को उपदफा ९(४) बमोजिम तह वृद्धिको लागि ५ वर्ष सेवा अवधी पुग्ने अन्तिम मिति कायम गर्ने ।
- अध्यादेशको दफा ८ को व्यवस्था अनुसार समायोजनका आधारहरु अपर्याप्त भई कुनै कर्मचारीलाई समायोजनको टुंगो लगाउन नसकेको अवस्थामा लोकसेवा आयोग वा बढुवा समितिको सिफारिसको योग्यताक्रमलाई आधार मान्ने ।
- संघ प्रदेश र स्थानीय तहको संगठन संरचना र कर्मचारी दरबन्दी स्वीकृत हुँदा तिन वटै तहमा दरबन्दी कायम नभएका साविकका सरकारी सेवाका पदहरु फाजिल कायम गर्ने र यसरी फाजिल कायम भएका कर्मचारीलाई प्रदेश र स्थानीय तहको मिल्दो पदमा समायोजन गर्नका लागि ७ दिनभित्र मिल्दो पदको व्याख्या तथा निर्धारण गर्न सेवा सञ्चालन गर्ने निकायहरुलाई निर्देशन दिने ।
- अनिवार्य अवकाश हुन १ वर्ष बाँकी भएका कर्मचारीहरुलाई कर्मचारी समायोजन अध्यादेशको दफा ८ को उपदफा २ (ग), उपदफा (६) एबम् अध्यादेशको दफा २६ को व्यवस्था समेतको आधारमा कुनै स्थानीय तहमा कार्यरत कर्मचारीले आफूले काम गरिरहेको स्थानीय तहमा स्वेच्छाले समायोजन हुन चाहेमा समायोजन गर्न सक्नेगरी आवश्यक प्रकृया अगाडी बढाउन मन्त्रालयलाई निर्देशन दिने ।
- सेवा समूह सञ्चालन नियमावलीमा उल्लेख नभएका पदहरुलाई सोही नियमावलीको अनुसूचीमा थप गर्न ३ दिनभित्र सेवा संचालन गर्ने निकाय मन्त्रालयले राजपत्रमा सूचना प्रकाशन गर्न कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा सम्पादन गर्न पठाउने । यसरी राजपत्रमा प्रकाशन भएका पदहरुको विवरण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई दिने ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण लगायतका अन्य यस्तै अस्थायी प्रकृतिका आयोजना परियोजनाहरुमा रहेको कुल दरबन्दीको संख्या सेवा संचालन गर्ने निकायहरु मार्फत एकिन गरेर सो बमोजिमका सेवा समूह उपसमूह र तहका पदहरुलाई संघको दरबन्दीमा कायम गरी समायोजन गर्ने र त्यस्ता दरबन्दीमा संघमा समायोजन भएका कर्मचारीहरुलाई कामकाजमा खटाउने व्यवस्था गर्ने ।यसरी खटिएका कर्मचारीहरुको दरबन्दी स्वत सेवा समूह संचालन गर्ने निकायको पुल दरबन्दीमा कायम गर्ने व्यवस्था गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने ।
- अध्यादेशको दफा १४ र १५ को प्रभावकारी कार्यान्वयन तथा समायोजन भएर प्रदेश तथा स्थानीय तहमा जाने निजामती कर्मचारीहरुको वृत्तिविकास सम्बन्धमा संघीय निजामती सेवा सम्बन्धी विधेयक, प्रदेश निजामती सेवा सम्बन्धी कानून र स्थानीय सेवाको शर्त सिद्धान्त र मापदण्ड सम्बन्धी कानूनमा आवश्यकता अनुसार सेवा

संचालन गर्ने निकायको समेत सुझाव लिई उचित व्यवस्था गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने ।

- कर्मचारी समायोजन सम्बन्धमा आईपर्ने अस्पष्टता तथा गुनासोहरुलाई यथासमयमा सहजीकरण तथा सम्बोधन गरी निर्देशन तथा समन्वय समितिमा पेश गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव श्री रुपनारायण भट्टराईको संयोजकत्वमा कर्मचारी समायोजन गुनासो व्यवस्थापनका लागि गुनासो व्यवस्थापन समिति गठन गर्ने।

निर्देशन तथा समन्वय समितिको उपरोक्त निर्णय कार्यान्वयनको लागि सम्बन्धित निकायहरुलाई पत्राचार गरिसकिएको छ ।सो निर्णय कार्यान्वयन यथासमयमा गर्नु गराउनुहुन सबै सेवा संचालन गर्ने मन्त्रालय/निकायहरु तथा मन्त्रालयहरुलाई हार्दिक अनुरोध गरिन्छ ।साथै कर्मचारी समायोजन गुनासो व्यवस्थापन समिति गठन समेत गरी गुनासो सुनुवाईको कार्य शुरु गरिसकिएको हुँदा कर्मचारी समायोजन सम्बन्धमा कुनै अस्पष्टता वा गुनासो भएमा सो समितिसमक्ष राख्न सकिने व्यहोरा समेत यस विज्ञप्तीद्वारा जानकारी गराइन्छ ।

२०७५।०९।०२

अनिता निरौला
उपसचिव
कर्मचारी समायोजन शाखा